# बर्जु गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

अमाहिविल्हा सुनसरी

प्रदेश नं. १ नेपाल

प.सं: ०७५/०७६

च.नं: ६४९

मिति : २०७५/१२/१३

**विषय : गुरुयोजना एवं बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरीदिन हुन ।**

श्री प्रधानमंत्री तथा मंत्रीपरिषदको कार्यालय ।

श्री वन तथा बातावरण मन्त्रालय

श्री संस्कृति,पर्यटन तथा नागरिक उड्यन मंत्रालय,

श्री संघिय मामिला तथा सामान्य प्रशासन मंत्रलाय ,सिंहदरवार काठमाण्डौ ।

प्रस्तुत विषयमा यस बर्जु गाउँपालिका अन्तर्गत वडा नं.६ मा अवस्थित करिव १५२ विघाको जग्गा श्री चिमडी बर्जु ताल सिमसार विकास तथा संरक्षण समिति को नामम रहेको र त्यस मध्ये करिव ५० विगाहामा हाल ताल संचालन अवस्थामा रहेको छ । हाल सम्म उक्त तालको चौतर्फी माटोको डिल वनाई वृक्षारोपण गरी संचालन रहेको छ । यस वाहेक बर्जु गाउँपालिकाले एक चिल्ड्रेन पार्क समेत आ.व.०७५।०७६ मा निर्माण गरिएको छ । यी वाहेक करिव १० वर्ष अगाडी गूरुयोजना (MASTER PLAN) समेत तयार भई केही कार्यपनि सोही वमोजिम भएको देखिन्छ । विभिन्न निकायहरु वाट र तालको आफनै आय वाट विकास सम्वन्धि कार्यहरु समेत भएको छ । वार्षिक दशहजार आन्तरिक र वाह्य पर्यटकहरुको आउने र यस वाट करिव २० लाख सम्म आन्तरिक आय समेत संकलन हुने गरेको छ । उक्त आय समिति आफैले तालको विकासमा खर्च गरेको लेखापरिक्षण वाट देखिन्छ ।

वास्तव मै बर्जु तालको गूरु योजना वनाई विकास र विस्तार गर्ने हो भने यसमा वार्षिक करिव २५-३० हजार आन्तरिक र वाह्य पर्यटकहरु बर्जु ताल हेर्न आउने र त्यस वाट करोडौ आम्दानी हुने उच्च संभावना देखिन्छ । यो ताल विराटनगर वाट करिव १० कि.मी. पशिचम सुनसरीमा अवस्थित रहेको छ । यसको विकास र विस्तारको लगी समितिको आय र गा.पा.को बजेटवाट मात्र सम्भव नहुने देखिएको हुनाले सम्वद्ध सवै पक्षले यसको विकासमा यथेष्ट ध्यान दिनु पर्ने अपरिहार्य देखिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

रघुनन्दन चौधरी
प्रमुख